# रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडको
## चौथो बार्षिक साधारण सभाको काम कारवाहीको निर्णय विवरण (माइन्यूट)
## द.नं. : १०३७/०६४/०६५

**१. सभा**

रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०७८/०८/१७ गते बसेको ९६औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाईएको चौथो वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री ताराचन्द केडियाज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

**मिति :-** २०७८ साल पौष ११ गते (तदनुसार २६ डिसेम्बर, २०२१)
**समय :-** बिहान ११:०० बजे ।
**स्थान :-**अनमोल बैङ्क्वैट, शंखमुल काठमाडौँ

**२. उपस्थिति**

**(क) संचालक**

| | | |
|---|---|---|
| (१) | श्री ताराचन्द केडिया | अध्यक्ष |
| (२) | श्री जगदीश कुमार अग्रवाल | संचालक |
| (३) | श्री भरत कुमार तोदी | संचालक |
| (४) | श्री अमित कुमार बेगानी | संचालक |
| (५) | श्री सरिता भट्ट अधिकारी | स्वतन्त्र संचालक |

**(ख) पदाधिकारी**

| | | |
|---|---|---|
| (१) | श्री प्रवीण रमण पराजुली | प्रमुख कार्यकारी अधिकृत |
| (२) | श्री निराजन कँडेल | नायव प्रमुख कार्यकारी अधिकृत |
| (३) | श्री सन्दिप सिंह | वरिष्ठ प्रबन्धक |
| (४) | श्री ज्ञान बहादुर रायमाझी | प्रबन्धक |
| (५) | श्री सुजिप श्रेष्ठ | प्रमुख वित्तीय अधिकृत |
| (६) | श्री मुना पौडेल | कम्पनी सचिव |

**(ग) आमन्त्रित**

| | |
|---|---|
| श्री अरुण राउत | एस.आर.पाण्डे एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स |
| श्री कल्पना कुमारी बर्तौला | प्रतिनिधि कम्पनी रजिष्ट्रारको कार्यालय |

**(घ) शेयरधनी/प्रतिनिधि**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| संस्थापक शेयरधनीको तर्फबाट संचालकको हैसियतमा भौतिक रुपमा उपस्थित संख्या | ४ | - | ४ |
| संस्थापक शेयरधनी तथा उहाँहरुको प्रतिनिधि मार्फत भौतिक रुपमा उपस्थित संख्या | ५८ | - | ५८ |
| साधारण शेयरधनी तथा उहाँहरुको प्रतिनिधि मार्फत भौतिक रुपमा उपस्थित संख्या | | २०७ | २०७ |
| साधारण शेयरधनी तथा उहाँहरुको प्रतिनिधि मार्फत अनलाइन माध्ययमबाट उपस्थित संख्या | | ३ | ३ |
| **कुल संख्या** | **६२** | **२१०** | **२७२** |

## ३. सभाको वैधानिकता

### (क) सभा सम्बन्धी सार्वजनिक सूचना

यस कम्पनीको चौथो वार्षिक साधारण सभा शुरु हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुरुप उपस्थित प्रतिनिधिहरुले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको अध्यक्षको आज्ञाले कम्पनी सचिव श्री मुना पौडेलले देहायका विवरणहरु प्रस्तुत गर्नुभयो ।

यस कम्पनीको चौथो वार्षिक साधारण सभाको निम्ति सो सभा हुने मिति, समय, स्थान र छलफलका विषयहरु बारेको सूचना तथा प्रस्तावहरु साधारण सभा हुनुभन्दा २१ दिन अगावै शेयरधनीको जानकारीका लागि सो को सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा दुई पटक ( मिति २०७८ मंसिर १८ तथा पौष ०५ गते) प्रकाशित गरिएको । साथै जानकारीका लागि कम्पनीको सुचनापाटी तथा वेबसाइटमा समेत प्रकाशित गरिएको ।)

### (ख) गणपूरक संख्या

कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरु उपर छलफल गर्न आज मिति २०७८/०९/११ गतेका दिन शेयरधनीको तर्फबाट स्वयं उपस्थित ९३ जना, अनलाईन मार्फत उपस्थित ३ जना तथा प्रोक्सी मार्फत उपस्थित १७६ जना गरी जम्मा २७२ जनाको प्रतिनिधित्व मार्फत यस कम्पनीको बाँडफाँड भएको कूल शेयर संख्याको ५४.०९ प्रतिशतले प्रतिनिधित्व हुने गरी उपस्थिती जनाईसकेको हुँदा यस साधारण सभा वैधानिक भएको ।

कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालनको लागि सोही ऐनको दफा ७३(२)बमोजिम आवश्यक गणपूरक संख्या) देहाय बमोजिम रहेको छ ।

| उपस्थिति विवरण | शेयरधनी | शेयर संख्या |
|---|---|---|
| भौतिक रुपमा स्वयं उपस्थित हुने संस्थापक शेयरधनीहरु | १७ | ५४,८१,००० |
| भौतिक रुपमा प्रतिनिधि मार्फत उपस्थित हुने संस्थापक शेयरधनीहरु | ४५ | ५६,५०,००० |
| अनलाईन माध्यम मार्फत स्वयं उपस्थित हुने सर्वसाधारण शेयरधनीहरु | ३ | ३० |
| भौतिक रुपमा स्वयं उपस्थित हुने साधारण शेयरधनीहरु | ७६ | ३२,१३० |
| भौतिक रुपमा प्रतिनिधि मार्फत उपस्थित हुने साधारण शेयरधनीहरु | १३१ | १,९५,८२३ |
| **जम्मा** | **२७२** | **११३५८९८३** |

| | | |
|---|---|---|
| **प्रतिनिधित्व (प्रतिशत)** | | **५४.०९** |

यसरी कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लिखित छलफलका विषयहरु उपर छलफल गर्न संचालक, संस्थापक तथा साधारण शेयरधनीको तर्फबाट २७२ जनाको प्रतिनिधित्व भौतिक तथा अनलाईन माध्यम मार्फत यस कम्पनीको बाँडफाँड भएको कूल शेयर संख्याको ५४.०९ प्रतिशतले प्रतिनिधित्व हुने गरी उपस्थिति जनाइसकेको हुँदा यस साधारण सभाका लागि गणपुरक संख्या पुगेकाले वैधानिक सभा भएको ।

## ४. सभाको सभापतित्व

यस वार्षिक साधारण सभा संचालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार कम्पनीको संचालक समितिका अध्यक्ष श्री ताराचन्द केडियाज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध गरिए अनुरुप दिप प्रज्वलन गरी उहाँले सभाको सभापतित्व गर्नुभयो । तत्पश्चात् सभाका अध्यक्षले शेयरधनीको तर्फबाट उपस्थित संचालक एवं प्रतिनिधिहरुलाई स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

## ५. छलफलका विषयहरु

**(क) <u>सामान्य प्रस्ताव :</u>**

१ सञ्चालक समितिको आ.व.२०७६/७७ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२ लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७६/७७ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने ।

३ कम्पनीको आ.व.२०७७/७८ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने ।

४ संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.५.२६३२/- अर्थात रु. ११,०५,२७,२००/- नगद लाभांश (प्रस्तावित नगद लाभांश बापतको कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

५ संचालक समितिमा साधारण शेयरधनी समूह(ख)बाट प्रतिनिधित्व गर्ने २(दुई) जना संचालकको निर्वाचन गर्ने ।

**(ख) <u>बिशेष प्रस्ताव</u>**

१. कम्पनीको नियमावलीमा प्रस्ताव भए बमोजिम आवश्यक संशोधन गर्ने ।

२. कम्पनीको नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समाविष्ट गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

३. कम्पनीले आ.व. २०७६/७७ मा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत कोभिड प्रभावितलाई सहयोग गर्न नेपाल सरकारलाई प्रदान गरेको आर्थिक सहायता वापतको रकम रु. ७,५०,०००/- कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) बमोजिम अनुमोदन गर्ने ।

## ६. वार्षिक प्रतिवेदन प्रस्तुति

सभाका अध्यक्षले कम्पनीले समीक्षा अवधिमा सम्पन्न गरेका काम कारवाहीको विवरण, बजारका चुनौतिहरु र बाँकी अवधिमा हासिल गर्न सक्ने उपलब्धिहरुबारे बिस्तृत जानकारी सभामा प्रस्तुत गर्नुभयो र सो मा आवश्यक छलफल गर्नका लागि सभामा उपस्थित महानुभावलाई आह्वान गर्नुभयो ।

**७. छलफलका लागि आह्वान**

उपरोक्त प्रतिवेदन, वासलत, नाफा नोक्सान हिसाब, एकीकृत आयव्यय हिसाब, नगद प्रवाह विवरण तथा वार्षिक प्रतिवेदनमा उल्लेख भएका यस कम्पनीका आर्थिक गतिविधी उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आआफ्नो मन्तव्य, जिज्ञासा तथा सुझाव व्यक्त गर्नुभयो ।

| क्र.सं. | नाम | क्र.सं. | नाम |
|---|---|---|---|
| १. | श्री अमृत नाथ रेग्मी | ६. | श्री चन्द्र नारायण महर्जन |
| २. | श्री नर सिंह लाल चखुं | ७. | श्री राम गोपाल श्रेष्ठ |
| ३. | श्री लब राज जोशी | ८. | श्री इन्द्र कृष्ण श्रेष्ठ |
| ४. | श्री उद्धव प्रसाद घिमिरे | ९. | श्री गुणराज भट्ट |
| ५. | सत्रुधन श्रेष्ठ | | |

**८. मन्तव्य, जिज्ञासा र सुझावहरु**

१. उल्लेखित वक्ता शेयरधनी महानुभावहरुले कम्पनीको वार्षिक प्रतिवेदन, नाफा नोक्सान, हिसाब, एकीकृत आयव्वय हिसाब, नगद प्रवाह विवरण समग्रमा progressive भएको र नँया जीवन बीमा कम्पनी मध्ये उच्च स्थानमा नै रहेको देखिएकोले कम्पनीलाई धन्यवाद तथा बधाई ज्ञापन गर्नुभयो ।

२. नयाँ जीवन बीमा कम्पनीहरु मध्ये प्रथम पटक शेयर निष्काशन गरी समीक्षा आ.व.को वार्षिक साधारण सभा गर्नको लागि कम्पनी प्रथम भएको र पहिलो वर्षमा नै आफ्ना शेयरधनीहरुलाई प्रति शेयर रु.५.२६३२।-(कर सहित) नगद लाभाशं दिने प्रस्तावलाई स्वागत तथा धन्यवाद ज्ञापन गर्नुभयो ।

३. Integrated Account बाट P/L Account मा कम रकम transfer गरेकोले सो बढाउन सुझाव गर्नुभयो ।

४. शेयरधनी महानुभावहरुले कम्पनीको लागि आफ्नै जग्गा र भवन निर्माण गर्ने सुझाव दिनुभयो ।

५. वक्ता शेयरधनी महानुभावहरुले कम्पनीको आजको दिन सम्मको प्रगति विवरण प्रस्तुत गर्न आह्वान गर्नु भयो ।

६. वक्ता शेयरधनी महानुभावहरुले आगामी साधारण सभाबाट कम्तीमा दुई अंकको प्रतिशतको आधारमा नगद लाभाशं तथा बोनश शेयर वितरण गर्ने सुझाव दिनुभयो ।

७. वक्ता शेयरधनी महानुभावहरुले कम्पनीको Catastrophic reserve कम भएकोले बढाउन सुझाव दिनुभयो ।

८. वक्ता शेयरधनीहरुले investment portfolio, business portfolio र Business परिमार्जन गर्दै जानुपर्ने सुझाव व्यक्त गर्नुभयो ।

९. वक्ता शेयरधनीहरुले Policy Holder लाई दिने Bonus rate बढाउन सुझाव दिनुभयो ।

१०. शेयरधनी महानुभावहरुले लगानी विविधिकरणमा ध्यान दिनुपर्ने सुझाव व्यक्त गर्नुभयो ।

११. कम्पनीका कर्मचारीलाई तालिम दिनुपर्ने लगायत निजहरुलाई प्रोत्साहन मिल्ने कार्य गर्नको लागि सुझाव दिनुभयो ।

१२. शेयरधनी महानुभावहरुले कम्पनीको internal तथा external audit समयमा नै गरी समयमा AGM गर्न सुझाव दिनुभयो र आगामी साधारण सभा कहिने गर्ने भन्ने सम्बन्धमा प्रश्न गर्नुभयो ।

१३. शेयरधनी महानुभावले शेयरधनीहरुलाई केही छुटमा बीमा पोलिसी विक्रि गर्न सुझाव दिनुभयो ।

१४. शेयरधनी महानुभावहरुले स्थानीय तह, micro level मा बीमाको पहुँच हुनु पर्ने सुझाव व्यक्त गर्नुभयो ।

१५. शेयरधनी महानुभावहरुले Digital platform लाई सशक्त रुपमा प्रयोग गर्ने सुझाव दिनु भयो ।

१६. शेयरधनी महानुभावहरुले micro insurance मा Tax Exemption को प्रावधान ल्याउन पहल गर्न सुझाव दिनु भयो ।

साधारण सधामा शेयरधनीहरुबाट प्रस्तुत जिज्ञासा एवं. सुझावका सम्बन्धमा सभाका सभापति तथा कम्पनीका प्रमुख कार्यकारी अधिकृतले सोही बखत निम्न बमोजिम जवाफ प्रस्तुत गनुभयो ।

१.यसै वार्षिक साधारण सभाले पारित गरेको नगद लाभाशं शेयरधनीहरुको खाताबाट भोलिपल्टैबाट आउने भनी सभाका सभापतिले घोषणा गर्नुभयो ।

२. सभाका अध्यक्षज्यूले आगामी वार्षिक साधारण सभा छिटो गर्नको लागि प्रयासरत रहेको र सम्भवतः ३/४ महिना भित्र सम्पन्न गर्ने जानकारी गराउनु भयो ।

३. सभाका अध्यक्षज्यूले कम्पनीको आफ्नै जग्गा खरिद गर्ने सम्बन्धमा संचालक समितिबाट पारित भइसकेको र सो को लागि बीमा समितिको स्वीकृती लिई छिटै सो काम सम्पन्न गर्ने जानकारी गराउनुभयो ।

४. कम्पनीका प्रमुख कार्यकारी अधिकृतले यस आर्थिक वर्षको प्रथम त्रैमास सम्म कम्पनीको प्रगतिविवरण , प्रथम त्रैमासकै प्रगति विवरण, बीमा क्षेत्रमा यस कम्पनीको हालको स्थिति विस्तृत रुपमा प्रस्तुत गरी शेयरधनी महानुभावहरुलाई स्पष्ट गर्नुभयो ।

५. प्रमुख कार्यकारी अधिकृतले P/L transfer कम भएको कारण कम्पनीमा term nature को plan कम भएकोले हाल micro insurance मा भएको बृद्धिले सो लाई पूर्ति गर्ने कुराको जानकारी गराउनुभयो ।

६. प्रमुख कार्यकारी अधिकृतले कम्पनीको overall position progressive हुँदै गएकोले भविष्यमा double digit को वा राम्रो dividend वितरण गर्न सफल हुने कुरा व्यक्त गर्नुभयो ।

७. CAT reserve कम भएको सम्बन्धमा Net Profit बढ्दै गएकोले सो बढ्दै जाने कुराको जानकारी गराउनुभयो ।

८. शेयरधनीहरुलाई केही छुटमा बीमा पोलिसी बिक्रि गर्ने सम्बन्धमा बीमा समितिले बीमा पोलिसी बिक्रिमा छुट गर्न नपाउने व्यबस्था गरेको जानकारी गराउनुभयो ।

९. प्रमुख कार्यकारी अधिकृतले digital platform लाई अझ परिष्कृत ढगंमा प्रयोग गर्ने कुरा व्यक्त गर्नुभयो ।

१०. प्रमुख  कार्यकारी अधिकृतले tax exemption को कुरा association मार्फत समेत पहल गरिएको र आफ्नो level बाट समेत सक्दो प्रयास गर्ने कुरा व्यक्त गर्नुभयो ।

सभाका सभापति तथा कम्पनीका प्रमुख कार्यकारी अधिकृतले वक्ता शेयरधनी महानुभावहरुका जिज्ञासाहरुका सम्बन्धमा जवाफ दिदैं कम्पनीको हितको लागी प्राप्त उपयुक्त सुझावहरुको लागि धन्यवाद दिनुभयो । तत्पश्चात् चौथो वार्षिक साधारण सभामा लागि निर्दिष्ट गरिएका सामान्य र विशेष प्रस्तावहरुका सम्न्धमा देहाय बमोजिम निर्णयहरु गरियो ।

**(क) <u>सामान्य प्रस्ताव</u> :**

१ सञ्चालक समितिको आ.व.२०७६/७७ को वार्षिक प्रतिवेदन छलफल गरी पारित भयो ।

२ लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/७७ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित भयो ।

३ यस कम्पनीको आ.व.२०७७/७८ को हरहिसाब लेखापरीक्षण गर्नको लागि लेखापरिक्षक नियुक्त गर्न कम्पनी ऐन, २०६३ को दफा १११ को व्यवस्था र सोहि ऐनको परिच्छेद १८ दफा १६४(१) को व्यवस्था अनुरुप कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम कम्पनीको मिति २०७८/०८/१७ मा सम्पन्न संचालक समितिको ९६औं बैठकको निर्णय अनुरुप लेखापरीक्षक श्री सार् एण्ड एसोशिएट्स चार्टड एकाउन्टेन्ट्सलाई प्रचलित कम्पनी कानूनको प्रावधान अनुरुप चालु आ.व.२०७७/७८ को हरहिसाब लेखापरीक्षण (कर परिक्षण र Long Form Audit Report समेत) गर्न रु.३,३९,०००।- (मूल्य अभिबृद्धि कर सहित)दिने प्रस्ताव पारित भयो ।

कम्पनीको मिति २०७८/०६/१८ गते सम्पन्न भएको ९३ औं वार्षिक साधारण सभाबाट कम्पनीका शेयरधनीहरुलाई आ.व. २०७६/७७ सम्मको सञ्चित मूनाफाबाट कायम चुक्ता पूँजी रु.

२,१०,००,००,०००/- को ५.२६३२ प्रतिशत नगद लाभांश (कर सहित) ले जम्मा रु. ११,०५,२७,२००/- (५ प्रतिशत नगद लाभांश वापत रु.१०,५०,००,०००/- र सो नगद लाभांशमा लाग्ने ०.२६३२ प्रतिशत कर वापत रु. ५५,२७,२००/- वितरण गर्ने प्रस्ताव बीमा समितिबाट मिति २०७८/०८/१६ गते स्वीकृत भएकोमा सो वितरण गर्ने प्रस्ताव पारित भयो । संचालक समितिमा साधारण शेयरधनी समूह(ख) बाट प्रतिनिधित्व गर्ने २(दुई) जना संचालकको निर्वाचन गर्नु पर्ने भएकोमा कम्पनीको २०७८/०८/१७ मा सम्पन्न संचालक समितिको ९६औं बैठकको निर्णय अनुरुप निर्वाचन अधिकृतको रुपमा अधिवक्ता श्री गोविन्द श्रेष्ठ ज्यूलाई निर्वाचन अधिकृत नियुक्त गरेकोमा निर्वाचन अधिकृतले निर्वाचनको सम्पूर्ण प्रक्रिया बुँदागत रुपमा प्रस्तुत गर्नुभयो र सर्वसाधारण समूह (ख) बाट सर्वसम्मतिले निर्वाचित दुई जना श्री परिक्षित खेम्का(के.डि इन्भेष्टमेन्ट प्रा.लि.को तर्फबाट) र श्री बद्री प्रकाश पोखरेलको नाम घोषणा गर्नुभयो र उहाँले सभाका अध्यक्ष ज्यूलाई उहाँहरुलाई फुलमालाले स्वागत गर्न आह्वान गर्नुभयो । तत्पश्चात् सभाका अध्यक्ष ज्यूले उहाह्हरुलाई फूलमाला सहित बधाई ज्ञापन गर्नुभयो ।

**(ख)** **विशेष प्रस्ताव**

कम्पनीको नियमावलीमा प्रस्ताव भए बमोजिम आवश्यक संशोधन गर्ने ।

नेपाल धितोपत्र बोर्डले कम्पनीको प्राथमिक शेयर निष्काशनको स्वीकृति दिंदा कम्पनीलाई आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा ४४ को उपदफा (२) बमोजिमको व्यवस्थाहरु कम्पनीको आगामी साधारण सभाबाट संशोधन गर्न निर्देश भए बमोजिम कम्पनी ऐन, २०६३ को दफा ७१ र दफा ७२ बमोजिम साधारण सभामा शेयरधनीहरुको मतदान गर्ने अधिकारलाई परिमार्जन गर्न आवश्यक भएकोले नियम ६ र ७ थप गर्नको लागि निम्न बमोजिमको संशोधन पारित भयो ।

| हाल कायम रहेको व्यवस्था | संशोधित भई कायम हुने व्यवस्था |
|---|---|
| नियम २५<br>मतदान | नियम २५<br>मतदान |
| (६) हाल नभएको । | (६) माथि दफा (१) को अधिनमा रही मतदानको अधिकार पाएको शेयरधनी सभामा स्वयं उपस्थित हुन नसक्ने भएमा निजले आफ्नो प्रतिनिधिद्वारा मतदान गर्न कम्पनीको सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका बमोजिम तोकिएको ढाँचामा निवेदन लेखी सहीछाप गरी प्रतिनिधि नियुक्त गर्न सक्नेछ । |
| (७) हाल नभएको । | (७) साझा गरी एकजनाभन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा नियुक्त गरिएको साझेदारले वा निजले नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार नियुक्त हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा सो साझेदारमध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधिपत्रमात्र मान्य हुनेछ । |

२. साथै माथि उल्लेखित  नियमावलीको संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समाविष्ट गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित भयो ।

३. कम्पनीले आ.व. २०७६/७७ मा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत कोभिड प्रभावितलाई सहयोग गर्न नेपाल सरकारलाई प्रदान गरेको आर्थिक सहायता वापतको रकम रु. ७,५०,०००/- कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) बमोजिम अनुमोदन गर्ने प्रस्ताव पारित भयो ।

**(ग) विविध** :
विविध विषय अन्तर्गत छलफलका लागि अन्य कुनै विषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको जानकारी सभामा गराइयो ।

कम्पनीको तेश्रो वार्षिक साधारण सभाले पारित गरेको कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा दिर्नेशन भएमा सो लाई समाविष्ट गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिएकोमा साधारण सभाले पारित गरेकै संशोधन यथास्थितिमा स्वीकृत भएको व्यहोरा जानकारी गराइयो ।

**८. धन्यवाद ज्ञापन**
सभामा छलफल गर्ने विषयहरु एपरको छलफलको क्रम समाप्त भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरु, संचालक समितिका पदाधिकारीहरु, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरिक्षक लगायत कम्पनीको व्यवस्थापन समूह र सम्पूर्ण कर्मचारीहरु तथा रिलायन्स साथीहरु साथै सम्बन्धित सबैलाई सभापति ज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**९. सभा विसर्जन**
सभाका सभापतिज्यूबाट सभामा उपस्थित सबै शेयरधनी एवं. अन्य सम्पूर्ण महानुभावहरुलाई उहाँहरुको सहभागित तथा अमूल्य सुझावको लागि आभार प्रकट गर्दै पुनः धन्यवाद ज्ञापन गरी चौंथो वार्षिक साधारण सभा दिनको १:३० बजे सभा समापन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| द.______________ | द. ______________ |
| ताराचन्द केडिया | मुना पौडेल |
| अध्यक्ष | कम्पनी सचिव |